**मिति: २०८१।०२।०३ गते** **समय: बिहान १०:०० बजे** **बैठक सङ्ख्या: ५२**

## कार्यपालिका बैठकका निर्णयहरू

**प्रस्ताव न. १: अघिल्लो बैठकका निर्णयहरूको समिक्षा।**

निर्णय: अघिल्लो कार्यपालिका बैठकका निर्णयहरूको समिक्षा भयो। कार्यान्वयन हुन बाँकी निर्णयहरू तत्काल कार्यान्वयन गर्ने।

**प्रस्ताव नं. २: धन्यवाद ज्ञापन सम्बन्धमा।**

निर्णय: अमरगढी नगरपालिका अन्तर्गत पर्ने सराउनीका घाणा सामुदायिक वन क्षेत्रभित्र बसपार्क निर्माणका लागि राष्ट्रिय वनको ०.९६ (शुन्य दशमलव नौ छ) हेक्टर जग्गा प्रयोग गर्न तथा सो क्षेत्रमा रहेका विभिन्न प्रजातिका रुख विरुवा हटाउन स्वीकृति प्रदान गरेकोमा नेपाल सरकार, मन्त्रिपरिषदलाई धन्यवाद ज्ञापन गर्ने।

**प्रस्ताव नं. ३: बसपार्कको जग्गा सट्टा भर्ना सम्बन्धमा।**

निर्णय: अमरगढी नगरपालिका अन्तर्गत पर्ने सराउनीका घाणा सामुदायिक वन क्षेत्रभित्र पर्ने ०.९६ (शुन्य दशमलव नौ छ) हेक्टर वन क्षेत्रमा बसपार्क निर्माणका लागि सो क्षेत्रफल बराबरको जग्गाको सट्टा भर्नाका लागि वन तथा वातावरण मन्त्रालयसँग प्रतिबद्धता जाहेर गरिएकोमा सो प्रकृतिको जग्गा नगरपालिकासँग नरहेकोले वन क्षेत्रसँग जोडिएको समान भौगोलिक र परिस्थितिकीय प्रणालीसँग मिल्दो निजि जग्गा खरिद गर्न सार्वजनिक सूचना प्रकाशन गर्ने।

**प्रस्ताव नं. ४: सवारी साधन माग सम्बन्धमा।**

निर्णय: यस अमरगढी नगरपालिकाको कार्यालयका लागि थप एक चारपाङ्ग्रे सवारी साधन (जीप) आवश्यक देखिएकाले सवारी साधन उपलब्ध गराई सहयोग गरिदिन नेपाल सरकार, प्रधानमन्त्रि तथा मन्त्रिपरिषद्को कार्यालयलाई अनुरोध गर्ने।

नि.प्रमुख प्रशासकीय अधिकृत

अमरगढी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
डडेल्धुरा
सुदूरपश्चिम प्रदेश,नेपाल